नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बारा, कलैया
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

Email:daobara33700@gmail.com
फोन नं.:०५३-५५०१३३
:०५३-५५०१६६
:०५३-५५०४३३
फ्याक्स नं.:०५३-५५००००

पत्र संख्याः-प्र.शा.०७९/८०
चलानी नं.-

मितिः- २०७९।०७।३०

## सीमा नाका बन्द हुने सम्बन्धी सूचना

२०७९ साल मंसिर ४ गते हुने **प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य** निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शि, भयरहित वातावरणमा सम्पन्न गर्न शान्ति सुरक्षालाई दृष्टिगत गरी स्थानीय प्रशासन ऐन, २०२८ तथा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को प्रावधान अनुसार देहायको आदेश जारी गरिएको छ । यो आदेश बमोजिम गर्न गराउन हुन सम्बन्धित सबैमा अनुरोध गर्दै प्रस्तुत आदेशको पालना नगरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही भई जाने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

देहायः-

१. मिति २०७९/०८/01 बिहिबार राति १२:०० देखि मिति २०७९/०८/०४ गते आइतबार सम्मलाई यस जिल्लाका भारतीय सीमा सँग जोडिएका सीमाना पूर्ण रुपमा बन्द छ ।
२. मिति २०७९/०८/०३ गते राती १२:०० बजे देखि २०७९/०८/०४ गतेका दिन मतदान कार्य सम्पन्न नहुञ्जेलसम्म एम्बुलेन्स, दुध तथा औषधी बोकेको सवारी साधन, खानेपानी ट्याङ्कर, दमकल, दूरसञ्चार सेवा, शव बहान, अस्पताल सेवा तथा विधुत सेवा जस्ता अत्यावश्यक सेवा र कुटनीतिक नम्बर प्लेटका (सि.डी उल्लेखित) सवारी साधन र अनुमति प्राप्त बाहेकका सवारी साधन सञ्चालनमा निषेध गरिएको छ ।

..........................
कृष्ण बहादुर कटुवाल
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी